# न्यूनतम पारिश्रमिक निर्धारण समितिको स्थायित्व र निरन्तरताको औचित्यबारे

# सूचना तथा सञ्चार मन्त्रालय समक्ष राय सुझाव

न्यूनतम पारिश्रमिक निर्धारण समिति २०६४

सिंहदरवार, काठमाण्डौं

# न्यूनतम पारिश्रमिक निर्धारण समितिको स्थायित्व र निरन्तरताको औचित्यबारे नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयसमक्ष समितिको राय सुझाव

नेपालमा श्रमजीवी पत्रकारको हक हितसम्बन्धी सुरक्षाको कानुनी प्रत्याभूति श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ ले गरेको हो । यो ऐन आएको दुई वर्षपछि मात्रै यससम्बन्धी नियमावली बन्यो । यसपछि सरकारले २०५४ सालमा पहिलोपटक पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति गठन गरेर ऐन कार्यान्वयनको प्रक्रिया अघि बढायो । यो समितिले तत्कालिन श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयलाई २०५६ सालमा प्रतिवेदन प्रस्तुत गऱ्यो । तर त्यसको कार्यान्वयनमा आवश्यक प्रयत्न भएन । यद्यपि एउटा समितिको पदावधि समाप्त भएपछि अर्को समिति गठन गर्ने प्रक्रिया निरन्तर जारी रह्यो ।

१२ वर्षभन्दा लामो समयदेखि ऐन कार्यान्वयन नभएको पृष्ठभूमिमा ऐनमा २०६४ सालमा पहिलो संशोधन भयो । संशोधनको मूल अभिप्राय मृतप्रायः अवस्थामा रहेको ऐनलाई सक्रिय बनाई सञ्चार प्रतिष्ठानमा कार्यान्वयन गर्ने नै थियो । यो उद्देश्य प्राप्तिका लागि ऐनको दफा ११ मा भएको व्यवस्थाअनुरुप न्यूनतम पारिश्रमिक निर्धारण समिति गठन गरिएको हो । कानुनतः यो समितिका मुख्य चार दायित्व छन्-

- श्रमजीवीहरूको तहगत वर्गीकरण गर्ने,
- उनीहरूको न्यूनतम पारिश्रमिक निर्धारण गर्ने,
- आवश्यकताअनुसार न्यूनतम पारिश्रमिक पुनरावलोकन गर्ने र
- तोकिएको पारिश्रमिक लागू हुन नसक्ने मिडियाबारे सरकारलाई सिफारिश गर्ने ।

ऐनको दफा ११ (३) मा ऐनमा लेखिएबाहेक समितिका अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ भनिएको छ । तर नियमावलीमा यो दफालाई सम्वोधन हुने गरी केही उल्लेख गरिएको छैन । त्यसैगरी ऐनले तेस्रो पक्षलाई कानून कार्यान्वयन गर्न जिम्मेवारी दिने व्यवस्था समेत गरेको छ । दफा ३२ ले यस ऐनबमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल राजपत्रमा सूचना

प्रकाशित गरी कुनै निकाय वा नेपाल सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरेको छ ।

समितिको प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा पहिलोपटक नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयले प्रतिवेदन कार्यान्वयनको अनुगमन गर्ने अख्तियारी समितिलाई नै दिएको छ। समितिको सचिवालय व्यवस्थित छैन । आवश्यकता अनुसारको जनशक्ति पनि छैन । ऐन कार्यान्वयनको मूल जिम्मेवारी लिएको प्रेस रजिष्ट्रारको छुट्टै कार्यालय पनि छैन। हाल प्रेस रजिष्ट्रारको जिम्मेवारी सूचना विभागका महानिर्देशकलाई प्रत्योजन गरिएको छ। यस सन्दर्भमा समितिले अनुगमनको जिम्मेवारी लिई सञ्चार प्रतिष्ठानको अवस्थालाई मात्र छर्लंग्याएको छैन, सञ्चार प्रतिष्ठानहरूलाई सजग र सचेत बनाउँदै दवाव, उत्प्रेरणा र सजगताको वातावरणसमेत तयार गरेको छ।

यस परिप्रेक्ष्यमा न्यूनतम पारिश्रमिक निर्धारण समितिले निरन्तर रुपमा आफ्ना कामकारवाहीहरूलाई जारी राख्नुपर्ने वा थप भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता देखिएको छ। यसप्रकारको औचित्यका कानूनी आधारहरू यसप्रकार देखिन्छन्-

१) श्रमजीवी पत्रकारसम्बन्धी (पहिलो संशोधन) ऐन २०६४ को दफा ११(२)ले समितिको पदावधि सुनिश्चित गरेको र यसअघि ऐनमा व्यवस्था भएको यसै प्रकृतिको समितिले निरन्तरता पाउँदै आएको ।

२) सोही ऐनको दफा ११(१)मा एकपटक निर्धारण गरिएको न्यूनतम पारिश्रमिक रकम आवश्यकताअनुसार पुनरावलोकन गर्ने जिम्मेवारीसमेत समितिलाई दिइएको ।

३) सोही ऐनको दफा ११ (३) मा समितिलाई ऐनमा लेखिएबाहेकका काम, कर्तव्य र अधिकार दिनसकिने व्यवस्था भएको। तदनुरुप सरकारको निर्णयबाट समितिले न्यूनतम पारिश्रमिक तथा प्रतिवेदन कार्यान्वयन भए/नभएका विषयमा अनुगमनको कार्य गरिरहेको ।

४) ऐनको दफा ३४ (ङ) (१) मा यस समितिको परामर्शमा सरकारले सञ्चार प्रतिष्ठानको किटान गरेर ऐनको व्यवस्था लागू गर्नु नपर्ने प्रावधान राखिएको छ ।

यी व्यवस्थाहरू हेर्दा समितिको स्थायित्व, निरन्तरता र औचित्यमा प्रश्न वा शंका गर्नुपर्ने आधार देखिदैन। यसबाहेक समितिको संरचना अन्तर्राष्ट्रिय श्रम संगठनको त्रिपक्षीय सहभागिताभन्दा पनि उदार, बहुपक्षीय र उच्चस्तरीय छ। ऐनको दफा ११ (१) अनुसार नेपाल सरकारका सहसचिव स्तरका तीन जना अधिकृत, सञ्चार प्रतिष्ठानका तीन जना व्यवस्थापक, एक जना कामदार प्रतिनिधि र नेपाल पत्रकार महासंघले तोकेका तीन जना श्रमजीवी पत्रकार रहन्छन्। यसबाहेक सञ्चारका क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएको व्यक्ति अध्यक्ष, नेपाल पत्रकार महासंघका अध्यक्ष पदेन सदस्य र श्रम तथा अर्थ विशेषज्ञ सदस्य रहने व्यवस्था छ। यसरी बहुपक्षीय प्रतिनिधित्व रहेको अर्को कानुनी समिति मुलुकमै छैन। यस्तो समितिले गर्ने कुनै पनि काम वा सरकारलाई दिने राय सुझाव निष्पक्ष र कम विवादित हुनसक्छ। यस्तो वातावरणले सबै पक्षलाई मनोवैज्ञानिक रुपमा दवाव पुग्नुका साथै लचिलो, उदार र समितिको सिफारिशप्रति प्रतिवद्ध रहने वातावरण तयार भई समितिको सिफारिश मात्र नभएर समग्र ऐनको कार्यान्वयनका लागि नै सकारात्मक र सौहार्द्रतापूर्ण वातावरण बन्न जाने निश्चित छ। विगत दुई वर्षको समितिको अनुभवले समेत यो तथ्यलाई प्रमाणित गरिसकेको छ।

श्रमजीवी पत्रकारसम्बन्धी ऐनको प्रसंगमा १५ वर्षदेखि यो कानुन किन कार्यान्वयन भएन ? भन्ने प्रश्न महत्वपूर्ण हो। विगतमा गठन भएका समितिका संरचना, प्रतिनिधित्व र समितिको सचिवालयको अभावसमेत यसका प्रारम्भिक कारण थिए। सरकार कानून कार्यान्वयनमा प्रतिवद्ध ढङ्गमा प्रस्तुत हुन नसक्नु र व्यवस्थापन पक्ष कानून कार्यान्वयन गर्दा हुने सकारात्मक पक्षबारे जानकार हुन नखोज्नु अर्को कारण थियो। यसका साथै श्रमजीवी पक्षको आवश्यक तत्परता र अग्रसर भूमिका अपेक्षित रुपमा मुखर हुन नसक्नुले पनि ऐन कार्यान्वयनमा रहेको उदासिनतालाई सहयोग नै गरेको थियो।

सामन्यतः कुनै पनि कानून जारी भएलगत्तै लागू भएको मानिन्छ वा सम्बन्धित ऐनमा सो ऐन लागू हुने मिति उल्लेख गरिएको हुने गर्दछ। श्रमजीवी पत्रकार ऐन भने जारी भएकै मितिदेखि तुरुन्त लागू हुने व्यवस्था ऐनमै गरिएको छ। यस अर्थमा ऐन कार्यान्वयनको लागि जिम्मेवारी बोकेको कार्यकारिणी अंग नेपाल सरकारको कमजोर भूमिकालाई सम्बोधन गर्नै पर्छ। त्यसमा पनि अझ स्पष्ट रुपमा उल्लेख गर्दा सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गत रही ऐन लागू गर्नुपर्ने निकायलाई सचेत पार्ने र आवश्यकता अनुसार कार्वाही गर्ने भूमिका बोकेको प्रेस रजिष्ट्रारको कार्यालय नै नहुनु ऐन

कार्यान्वयन नहुनुको अर्को प्रमुख कारण थियो। प्रेस रजिष्ट्रारको कार्यालयको अभावको अवस्था अद्यापि विद्यमान रहे पनि प्रेस रजिष्ट्रारको जिम्मेवारी तोकिएका सूचना विभागका महानिर्देशकबाट समितिको प्रतिवेदन कार्यान्वयन गराउने प्रयास प्रारम्भ भएको छ। यो प्रयासका निम्ति समितिले दिँदै आएको दवाव र निर्वाह गर्दै आएको भूमिकाले धेरै हदसम्म सहयोग पुऱ्याएको छ।

यी समग्र अवस्थालाई विश्लेषण गर्दा हाल समितिको प्रतिवेदन कार्यान्वयनको प्रक्रिया अघि बढेका बेला यसको निरन्तर अनुगमन गरी सरकारलाई जानकारी गराउने र निरन्तर रुपमा सुझाव दिई समितिको प्रतिवेदन र कानून कार्यान्वयन गराउन अभिप्रेरित गर्ने सक्षम निकाय आवश्यक छ। माथि उल्लेखित ऐनका व्यवस्थासम्बन्धी २ र ४ नम्बर बुँदाले समितिको निरन्तरताको परिकल्पना गरेका सन्दर्भमा सरकारलाई थप सहयोग गर्ने छुट्टै निकाय खडा गर्नुभन्दा संरचना, प्रतिनिधित्व र प्रभावका आधारमा पनि न्यूनतम पारिश्रमिक निर्धारण समितिलाई नै जिम्मेवारी दिनु उपयुक्त हुने देखिन्छ।

समितिको स्थायित्वमा सहमत हुँदै यसलाई सबल, सक्षम र प्रभावकारी बनाउने सन्दर्भमा मूलतः चार वटा पक्षमा समितिलाई प्रष्ट जिम्मेवारी दिनु उचित देखिन्छ-

(१) पारिश्रमिक निर्धारण,
(२) पुनरावलोकन,
(३) सञ्चार प्रतिष्ठान अनुगमन र
(४) क्षतिपूर्ति निर्धारण।

पहिलो दुई वटा अधिकार ऐनले नै स्पष्ट रुपमा व्यवस्था गरेको छ। यसबाहेकका अनुगमन र क्षतिपूर्ति निर्धारणको जिम्मेवारी ऐनका दुईवटा व्यवस्था- दफा ११ (३) र दफा ३२ का आधारमा समितिलाई दिन सकिन्छ। ऐनको दफा ३४ (घ) ले प्रेस रजिष्ट्रारलाई सञ्चार प्रतिष्ठान अनुगमन गर्न सक्ने अधिकार दिएको छ। तर यो व्यवस्थाले नियमित अनुगमनको परिकल्पना नगरी ऐन र कानुन पालना गरे नगरेका सन्दर्भको अधिकार मात्र दिएको हो। ऐन नियमको पालना गर्ने गराउने सन्दर्भमा निर्देशन दिने अभिप्रायबाट दिइएको अधिकार वा जिम्मेवारीले नियमित अनुगमनको उद्देश्य प्राप्ति गर्दैन; न त नियमित अनुगमनको अधिकार समितिलाई दिँदा प्रेस रजिष्ट्रारको कार्यक्षेत्रमा नै हस्तक्षेप हुन्छ। बरु समितिले गर्ने अनुगमनले प्रेस रजिष्ट्रारको कामकार्वाहीमा सहयोग नै पुऱ्याउँछ।

ऐन संशोधन हुनुअघि पारिश्रमिक तोक्ने र क्षतिपूर्ति निर्धारण गर्नेसमेतको दायित्व तत्कालीन समितिलाई थियो । तर पछिल्लो संशोधनले क्षतिपूर्तिको व्यवस्थालाई छाडिदिएको छ । यो विषयलाई अहिले नियमावलीमा मात्र समेटिएको छ। नियमावलीको नियम ३०.ख (३) मा प्रत्येक जिल्लास्तरमा क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने व्यवस्था गरेको छ। यस्तो समितिले गर्ने क्षतिपूर्ति निर्धारण जिल्ला अनुसार फरक हुने सक्ने भएकाले राज्यबाट क्षतिपूर्तिकाबारे आधार प्रस्तुत गरिदिनु जरूरी हुन्छ। साथै क्षतिपूर्ति पनि समयानुकूल परिमार्जन गरिनु आवश्यक हुन्छ । ऐनको दफा ३४ (ख) ले सञ्चार प्रतिष्ठानमा आउने विवाद सुन्ने र सेवा शर्तका विषयमा वार्ता, मेलमिलाप वा मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने अधिकार प्रेस रजिष्ट्रारलाई दिएको छ । यस सन्दर्भमा समेत फेरि पनि समितिले सदस्य सचिव रहेका प्रेस रजिष्ट्रारलाई पृष्ठपोषण गर्ने र बल पुऱ्याउने कार्य गर्ने गर्नसक्छ।

यी समग्र अधिकार प्रयोगलाई सहज बनाउन सरकारले देहायका काम गर्नुपर्ने देखिन्छ-

१) समितिको सचिवालयलाई सुदृढ गर्न आवश्यक सहयोग गर्ने ।

२) समितिका सदस्य सचिवसमेत प्रेस रजिष्ट्रार नै भएको सन्दर्भमा समितिको सचिवालय र प्रेस रजिष्ट्रारको कार्यालय एकै ठाउँमा स्थापना गरिँदा समितिका अध्यक्ष र सदस्य सचिवबीच समन्वय हुन सहज हुने ।

३) श्रमजीवी पत्रकार ऐन तथा सम्बन्धित नियमलाई थप सुदृढ र चुस्त ढङ्गले कार्यान्वयन गर्नका लागि आवश्यक कानुनी संशोधन तथा पुनरावलोकन गर्ने ।

नेपाली श्रमजीवी पत्रकारहरूको लामो संघर्ष, नेपालका कानूनी अभ्यास र सञ्चार जगतको विकास र विस्तारको परिणामस्वरुप प्राप्त श्रमजीवी पत्रकार ऐन कार्यान्वयनलाइ मूर्त रुपमा अनुभव गर्न सकिने निकाय न्यूनतम पारिश्रमिकब निर्धारण समिति भएकोमा दुई मत छैन । यस सन्दर्भमा नै समितिले सरकारसमक्ष यो प्रतिवेदन प्रस्तुत गरेको हो । समितिमा गहन छलफलपछि तयार पारेर प्रस्तुत गरिएको यो लगायतका प्रतिवेदनमा समेटिएका सिफारीश तथा सुझावहरु यथाशीघ्र प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछन् भन्ने बिश्वास समितिले लिएको छ ।